नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

## परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)

सानोठिमी, भक्तपुर

## कक्षा ११ को विषय छनौट सम्बन्धी सूचना

पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट शैक्षिक सत्र २०७७/०७८ बाट कक्षा ११ मा नयाँ पाठ्यक्रम लागू भएको व्यहोरा अवगतै छ । उक्त पाठ्यक्रम संरचना अनुसार कक्षा ११ मा गणित (००७१) विषयलाई अनिवार्य वा ऐच्छिक विषय (४०११) को रुपमा कुनै एक समूहबाट मात्र अध्ययन गर्न सकिने व्यवस्था भएकोमा कक्षा ११ को रजिष्ट्रेशन फाराम भर्ने क्रममा कतिपय विद्यालयका विद्यार्थीहरूले उपरोक्त गणित विषय अनिवार्य तथा ऐच्छिक दुवै समूहबाट छनौट गरेको देखिन आएको छ । पाठ्यक्रम संरचना अनुसार अनिवार्य विषयका रुपमा गणित पढ्ने विद्यार्थीले ऐच्छिक विषयका रुपमा गणित पढ्न नपाईने हुँदा दुवै तर्फ आवेदन फाराम भरेका विद्यार्थीहरूको ऐच्छिक तर्फ भरिएको गणित विषय स्वतः रद्द हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । थप विषय अध्ययन गर्न चाहने विद्यार्थीले बाँकी रहेको समूहबाट गणित विषय बाहेक अन्य एक विषय छनौट गर्न पाउने व्यहोरा समेत जानकारी गराइन्छ ।

**-परीक्षा नियन्त्रक**